यांङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(पशुपंक्षी विकास शाखा)

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च.नं. १०८२

मितिः २०८१/१०/०८
ने.स.११४५ पोहेलागा सप्तमी, मंगलवार।

## राष्ट्रिय पशुपंक्षी खोपको लागि भ्यासिनेटर नियुक्तिको आवेदन पेश गर्ने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१०/०८)
(आवेदन पेश गर्ने अन्तिम मिति २०८१/१०/१५)

यस कार्यालयको आ.व. २०८१/२०८२ को स्वीकृत कार्यक्रम अनुसार याङवरक गाउंपालिकाको सबै वडाहरुमा निम्न अनुसारको खोप कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले संघीय पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५, कोशी प्रदेश सरकारको सशर्त अनुदान कार्यक्रम सचालन सम्बन्धि मार्गदर्शन आ.व. २०८१/२०८२, कोशी प्रदेश सरकारको खोरेत रोग नियन्त्रण आयोजना संचालन सम्बन्धि कार्यविधि २०८१ वमोजिम खोरेत रोग विरुद्धको प्रति ईकाइ घोप संख्याको आधारमा पारिश्रमिक पाउने गरी केहि भ्यासिनेटरहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक प्राविधिकहरुवाट सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित गाउँपालिकाको पशुपंक्षी विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

| क्र.सं. | कार्यक्रम | पद | कार्यक्रम सञ्चालन हुने क्षेत्र | योग्यता | दरखास्त दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पशुपंक्षी खोप कार्यक्रम (खोरेत, पि.पि.आर. लम्पी स्कीन, क्लासिकल स्वाइन फिवर र रानी खेत विरुद्धको खोप सञ्चालन कार्यक्रम | भ्याक्सिनेटर | याङवरक गाउँपालिकाको सवै वडाहरु | ग्रा.प.स्वा.का./ भेटेरीनेरी जेटी, जेटिए | १००।- | |

**आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
२. शैक्षिक योग्यता खुल्ने कागजातहरुको प्रतिलिपि
३. स्थायी लेखा नं.को प्रतिलिपि र वैक खाता नः

- **दरखास्त दिने स्थान**: याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थर्पु, पाँचथर।
- **काम गर्नुपर्ने स्थान**: याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ।
- **दरखास्त दस्तुरः** दरखास्त दस्तुर पछि फिर्ता नहुने गरी यस कार्यालयमा नगदै बुझाएको नगदी रसिद पेश गर्नुपर्ने छ
- **दरखास्त अवधिः** २०८१/१०/०८ देखि २०८१/१०/१५ गते सम्म कार्यालय समय भित्रमा पेश गर्नुपर्नेछ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चातको कार्यालय खुल्ने पहिलो दिनसम्म हुनेछ।
- यो सूचना गाउँ कार्यपालिकाको कार्यालय वा कार्यालयको वेवसाइट www.yangwarakmunpanchthar.gov.np बाट प्राप्त गर्न सकिनेछ।
- **पारिश्रमिकः** कोशी प्रदेश सरकारको खोरेत रोग नियन्त्रण आयोजना संचालन सम्बन्धि कार्यविधि २०८१ वमोजिम हुनेछ।
- थप जानकारीको लागि यस कार्यालयको फोन नं. ९८०५९७११६८ मा बुझ्न सकिनेछ।

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत



yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-४१००४८, ०२४-४१००४९

CamScanner